म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ११८ सोमबार, २० मंसिर २०७८ द्वितीया ने. सं. ११४२ चिलाथ्व 6 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलिः

- वेटर- १ जना, - कुक- १ जना, - हेल्पर १ जना

तलब/सुबिधाः आपसी समझदारीमा तय गरिनेछ ।

**होटल म्याक्स**

हेटौंडा-३, बसामाडी,

मो.नं. ९८४५०२५७२७

## काँग्रेस बागमतीमा बानियाँले बाजी मारे

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत मंसिर १६-१८ गतेसम्म भएको प्रथम बागमती प्रदेशको अधिवेशनबाट सभापतिमा इन्द्रबहादुर बानियाँले बाजी मारेका छन् । बानियाँ केन्द्रीय सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा निकट हुन् ।

हेटौंडा-१० स्थित फरेष्ट्रि मैदानमा सम्पन्न दोस्रो चरणको निर्वाचनमा प्रतिस्पर्धी संस्थापन इत्तरका जगदिश्वर नरसिंह केसीलाई १ सय ५८ मत अन्तरले पराजित गर्दै बानियाँले ऐतिहासिक जित हात पारेका हुन् ।



रामचन्द्र पौडेल, प्रकाशमान सिंह, सशांक कोइराला, गगन थापालगायत नेताहरुको साथ पाएका दुई पटक संविधानसभा सदस्यसमेत भइसकेका पुराना नेता केसीलाई बर्तमान मकवानपुर सभापति तथा बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका बानियाँले पराजित गर्दै प्रदेश सभापतिमा बाजी मारेसँगै उनी काँग्रेसको देशभरका सफल नेतामध्ये एकका रुपमा परिचित भएका छन् ।

नेता बानियाँले दोस्रो चरणको मतदान प्रक्रियाबाट १ हजार ८५ मत प्राप्त गरेका थिए भने, उनका प्रतिस्पर्धी नुवाकोटका पूर्वसभापति केसीले ९ सय २७ मतमै चित्त बुझाए । काँग्रेसको विधान अनुसार दुई वा सो भन्दा बढी उम्मेदवार रहँदा सभापतिमा ५१ प्रतिशत मत पुग्नुपर्ने प्रावधान छ । शनिबार दिउँसो भएको मतदान प्रक्रियाबाट बानियाँ, केसी र भीमसेनदास प्रधानसहित उम्मेदवार हुँदा कोहि कसैको ५१ प्रतिशत मत नपुगेपछि आइतबार पुनः मतदान प्रक्रिया अघि बढाइएको थियो ।

पहिलो चरणमा भएको मतदान प्रक्रियाको परिणमअनुसार तीन जना उम्मेदवार मध्ये बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका बानियाँले बढी मत ल्याएका छन् । सभापतिमा बानियाँले ९ सय ९२, दोस्रो हुने केसीले ८ सय ७२ मत र तेस्रो भएका प्रधानले १ सय ९७ मात्र मत पाए । बानियाँ ४८ प्रतिशत मत ल्याएर बढी मत ल्याउने उम्मेदवार भएका थिए । ५१ प्रतिशत नपुग्दा उनी पुनः निर्वाचनमा सहभागी हुनुपर्ने भएको थियो ।

तेस्रो हुने प्रधान निर्वाचन प्रक्रियाबाट बाहिरिएका थिए । प्रधानले औचपरिक भेलामार्फत बानियाँलाई आफ्नो समर्थन रहने घोषणा गरेका थिए । उनी नेता कृष्णप्रसाद सिटौला निकट हुन् । पहिलो चरणको मतदानमा निर्वाचन समितिका अनुसार कुल २ हजार १ सय ५१ मतमध्ये २ हजार ८३ मत खसेको थियो । दोस्रो चरणको मतदानमा २ हजार ३६ मत खसेको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचन समितिका सदस्य गणेश हुमागाईंले सभापतिको नतिजा टुंगो लगाएसँग अब पदाधिकारी र सदस्यहरुको मत गणना गरिने बताए ।

## पालुङ जेसीजमा चार जना भिड्दै

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकास्थित पालुङ जेसीजको आगामी वर्ष २०२२ को नेतृत्वका लागि अध्यक्ष पदमा चार जनाको उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचन तालिका अनुसार शनिबारदेखि आइतबार सम्म तोकिएको उम्मेदवारी दर्ताको समय सीमाभित्र अध्यक्ष पदका लागि चार जनाको उम्मेदवारी परेको निर्वाचन आयुक्त मनोज रायमाझीले जानकारी दिए । अध्यक्ष पदका लागि जयराम खत्री, संगम कार्की, निरज रायमाझी र अनिता बिष्टले उम्मेदवारी दर्ता गरेका छन् ।

खत्री गत वर्ष अध्यक्ष पदमा पराजित भएका थिए । कार्की वर्तमान महासचिव, रायमाझी वर्तमान कोषाध्यक्ष र बिष्ट वर्तमान कानूनी सल्लाहकार हुन् ।

यसैगरी दुई कार्यकारी उपाध्यक्ष पदका लागि ४ जनाको उम्मेदवारी दर्ता भएको छ । कार्यकारी उपाध्यक्षका माधव कार्की, सुविन्द्रमान प्रधान, सञ्जय गोपाली र दिपा बलको उम्मेदवारी परेको हो ।

निर्वाचन आयुक्त रायमाझीका अनुसार चार उपाध्यक्ष पदका लागि ९ जनाको उम्मेदवारी दर्ता भएको छ । उम्मेदवारी दर्ता गर्नेहरुमा स्वदीप बस्नेत, अजय कार्की, सन्देश गोपाली, अन्जय प्रधान, मानसिं दोङ, अजीत कार्की, कमल विष्ट, सत्यदेवी स्याङतान र अनन्त ढकाल रहेका छन् ।

पालुङ जेसीजको वर्ष २०२२ का लागि एक सय ४१ जना सदस्यहरुले निर्वाचनमा भाग लिनेछन् । निर्वाचन तालिका अनुसार मंसिर २२ गते उम्मेदवार तालिम र मंसिर २४ गते निर्वाचनको कार्यक्रम छ ।

## मकवानपुरे नेता कमल थापा राप्रपा अध्यक्षमा पराजित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका कमल थापा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को एकता महाधिवेशनबाट अध्यक्षमा पराजित भएका छन् ।

करिब दुई दशक राप्रपाको अध्यक्ष चलाएका थापालाई झापाका राजेन्द्र लिङ्देनले हराएका हुन् । लिङदेनले १ हजार ८ सय १७ मत ल्याउँदै अध्यक्षमा जितेका थिए । थापाले १ हजार ६ सय १७ मत मात्रै ल्याउन सके ।

थापा मकवानपुरका नेताहरुमध्ये उच्च अहोदामा पुग्ने पहिलो व्यक्ति हुन् । उनी मकवानपुरका नेतामध्ये पहिलो मन्त्री पनि हुन् । उनले गत निर्वाचनमा प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाटपनि एमालेका कृष्ण प्रसाद दहालसँग पराजित हुनु परेको थियो ।

झापाको हल्दिबारी गाउँपालिका-१ घर भएका लिङ्देनको जन्म २२ भदौ २०२२ मा पाँचथरको अमरपुरमा भएको थियो । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसका प्रभावशाली नेता कृष्णप्रसाद सिटौलालाई हराएर उनी चर्चित बनेका थिए । २०३६ सालमा



राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलमा उनी आवद्ध भई राजनीतिक यात्रा गरेका थिए । २०४७ सालमा राप्रपाको झापा जिल्ला सचिव बने ।

२०४९ सालमा राप्रपाको विद्यार्थी संगठन (राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन) बन्दा उनी संस्थापक अध्यक्ष बने । राष्ट्रिय प्रजानतन्त्र पार्टीको एकता महाधिवेशनअन्तर्गत् आइतबार बिहान सम्पन्न मतगणनामा अध्यक्षका अर्का प्रत्यासी कमल थापालाई दुई सय मतले पछि पार्दै लिङ्देन विजयी भएका हुन् । कमल थापा पराजित भएपनि उनको परिवारका दुई जना पार्टीमा विजयी भएका छन् ।

थापाकी कान्छी छोरी प्रतिष्ठा र भतिजा अभिषेक थापा केन्द्रीय समिति सदस्यमा विजयी भएका हुन् । प्रतिष्ठाले १ हजार ५ सय ३० र भतिजा अभिषेकले १ हजार ३ सय २७ मत ल्याए । उनीहरु दुवै जना केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन् । महाधिवेशनबाट विक्रम पाण्डे, बुद्धिमान तामाङ र ध्रुवबहादुर प्रधान उपाध्यक्षमा विजयी भएका छन् । यसैगरी महिला उपाध्यक्षमा रोशन कार्की विजयी भइन् । महामन्त्रीमा धवलशमशेर राणा, भुवन पाठक र कुन्तीकुमारी शाही विजयी भएका छन् ।

अध्यक्षमा हारेपनि थापाले हार स्वीकार गर्दै लिङ्देनलाई बधाई दिएक छन् । उनले पूर्वराजा ज्ञानेन्द्र शाहप्रति आक्रोश व्यक्त गरेका छन् । उनले राप्रपाको आन्तरिक प्रतिस्पर्धामा निर्मल निवासको नांगो हस्तक्षेप भएको आरोप लगाए । 'सिंगो मुलुक गणतन्त्रमय भएको बेला शिरमा कफन बाँधेर २०६३ सालदेखि राजसंस्था बोकेर हिँडेको पुरस्कार निर्मल निवासबाट आज पाइयो ।,' थापाले भने ।

उनले प्रतिकुल परिस्थितिमासमेत आफूलाई विश्वास र भरोसा गर्ने पार्टीका सम्पूर्ण साथीहरुप्रति आभार व्यक्त गरे । राजसंस्थाको एजेण्डा बोक्ने मूल संवाहकलाई राजनीतिक रुपमा समाप्त पार्न गरिएको चेष्टाले राजाको भलो होस् भन्दै कामना गरे । अहिले आफूले राहत र उन्मुक्ति पाएको थापाले उल्लेख गरे ।






साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरपालिकामा देखिएको बेथिति

हेटौंडा उपमहानगरपालिकामा बेथिति मैलाएको छ । उपमहानगरपालिकाले नियमविपरित कर्मचारीको तह तथा ग्रेड बृद्धि गरेर बेथितिलाई प्रशय दिएको हो । उपमहानगरपालिकाले आफूले बनाएको ऐनको आधारमा केही कर्मचारीहरुको २०७६ असार ६ गते तह तथा ग्रेड वृद्धि गरेको थियो । प्रशासकीय अधिकृतहरुले संघमा निजामती सेवासम्बन्धी ऐन विचाराधिन रहेको, प्रदेशले पनि यससम्बन्धमा ऐन नबनाएको भन्दै स्थानीय तहले बनाएको ऐन संविधानविपरीत हुन सक्ने भन्दै बृद्धि भएको तहअनुसारको तलब, सुविधा दिन रोक लगाएका थिए । उपमहानगरपालिले अघि बढाएको बथितिलाई अदालतले रोक्नु साँटो महालेखाले औंल्याएको त्रुटि विपरित आदेश जारी गरेको छ ।

महालेखाले उपमहानगरपालिकाको त्रुटि केलाएपछि कर्मचारीहरुले उच्च अदालत पाटनमा हेटौंडा इजलासमा दिएको रिटमा महालेखाले औंल्याइएको त्रुटिविपरीत उपमहानगरले बृद्धि गरेको ग्रेडअनुसारको तलब भुक्तानी दिन परमादेश जारी गरेको हो । उपमहानगरपालिकाले २०७५ चैत २१ माबनाएको हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकाससम्बन्धी विशेष ऐन, २०७५ अनुसार शाखा अधिकृत तथा प्रबन्धकहरुको तह वृद्धि तथा ग्रेड वृद्धि गरेको थियो । तर, बढेको तह तथा ग्रेड अनुसारको सेवा सुविधा दिन तह वृद्धि गरी पदस्थापन गरिएको मितिदेखि नै उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृतले रोक लगाउँदै आएका थिए । उपमहानगरपालिकाले शाखा अधिकृत रहेका जगन्नाथ सापकोटालाई छैटौं स्तरबाट आठौं स्तरमा, सातौं स्तरका अधिकृत भीमप्रसाद तिमल्सिनालाई नवौं स्तरमा, सातौं स्तरका अधिकृत सत्यनारायण साहलाई नवौं स्तरमा बढुवा गर्ने निर्णय गरेको थियो । तर, बढुवा भएकै दिनबाट पाउनु पर्ने तलब, सुविधा रोक्का गरिएको भन्दै उनीहरु अदालत गएका थिए । महालेखा परीक्षकको प्रतिवेदनअनुसार उपमहानगरपालिकाले कर्मचारी वृत्तिविकास तथा व्यवस्थापनसम्बन्धी विशेष ऐन, २०७५ तर्जुमा गरी आर्थिक वर्ष २०७६/७७ मा ९ कर्मचारीलाई दुई तह बृद्धि, १७ कर्मचारीलाई एक तह बृद्धि गरी २ ग्रेड थप, १ सय २ कर्मचारीलाई २ ग्रेडबृद्धि गरेको छ । दुई तह र एक तह वृद्धि गरिएका २८ कर्मचारीलाई पदस्थापना गरी साविककै सुविधा भुक्तानी भएको प्रतिवेदनमा उल्लेख छ ।

कुनैपनि स्थानीय तहले बनाएको कानुन संविधान, संघीय कानुन र प्रदेश कानुनविपरीत हुनु हुन्न भन्ने संवैधानिक मान्यतासमेत छ । महालेखा परीक्षकले आयोगको ऐन, २०७६ को दफा एक सय ६ मा 'संविधान, यो ऐन र अन्य प्रचलित कानुन तथा आयोगले समय-समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति बढुवा वा विभागीय कारबाही गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ति बढुवा वा विभागीय कारबाही अनियमित ठहर गर्न सक्ने व्यवस्था' रहेको उल्लेख गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २१ गते मंगलबार ७ डिसेम्बर २०२१ । मार्ग कृष्ण तृतीया । थिंलाथ्व चतुर्थी ११४१ । सूर्योदय ६:४१ र सूर्यास्त ५:०८ मा हुनेछ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# एमालेभित्र अधिनायकवाद देख्नेहरूका नाममा



विष्णु रिजाल

"एमाले एकताबद्ध भयो भने आफ्नो भविष्य सुरक्षित छैन भन्ठानेर एमालेलाई विभाजन गर्न तम्सिएका पार्टीका नेता र कार्यकर्ताबाट एमालेको आन्तरिक लोकतन्त्रबारे भएको चिन्ता अरुका लागि होइन, आफ्ना लागि हो भन्ने छर्लंग छ ।"

नेपालको सबभन्दा ठूलो दल भएका कारण नेकपा (एमाले) को महाधिवेशन यस पार्टीका नेता, कार्यकर्ता र समर्थकबीच मात्र सीमित नरही आम चासोको विषय बन्नु स्वाभाविक हो । मंसिर १० गते नारायणगढको नारायणी नदी किनारमा आयोजित उद्घाटन समारोहमा उपस्थित विशाल जनसागरले महाधिवेशनप्रति निरपेक्ष रहन कसैलाई पनि दिएन ।

तर त्यही अभूतपूर्व जनताको उपस्थिति कतिका लागि असह्यै भएको छ र त्यसलाई नकार्न र सीधै ओझेल पार्न नसकेपछि महाधिवेशनबाट भएको नेतृत्व चयनको विषयलाई विकृत पार्ने कोसिस गरिएको छ । यसका लागि खासगरी माओवादीनिकट व्यक्ति तथा माध्यम बढी सक्रिय देखिन्छन् । नेकपा (एमाले) मा केपी शर्मा ओली दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित हुनु बिलकुल स्वाभाविक र सहज विषय भएकामा सायदै कसैलाई शंका हुनुपर्ने हो ।

एमालेका नेता/कार्यकर्तालाई मात्र होइन, विपक्षी पार्टीका मानिसहरूलाई सोध्दा पनि यतिबेला त एमालेको अध्यक्ष ओली नै हुनुहुन्छ भन्ने नै उत्तर पाइने अवस्थामा थियो । राष्ट्रिय राजनीति ध्रुवीकृत भएको, एमालेलाई फुटाउने प्रयास भएको र त्यसका लागि केपी ओलीविरुद्ध प्रहार भइरहेको अवस्थामा एमालेभित्र उहाँको विकल्प छलफलको विषय नै थिएन । यति हुँदाहुँदै पनि उहाँलाई सर्वसम्मत अध्यक्ष हुन नदिन भित्र तथा बाहिरबाट धेरै प्रयास भए र उहाँ ९० प्रतिशत प्रतिनिधिको मत प्राप्त गरेर अध्यक्ष निर्वाचित हुनुभएको छ । नेकपा (एमाले) मा अहिले आम रूपमा सहमतिको मनोविज्ञान छ । कांग्रेस र माओवादीको सरकारले अध्यादेशका नाममा ल्याएको अस्थायी र कृत्रिम कानुनका आधारमा पार्टी विभाजन गरिएको अवस्थामा एमालेपंक्ति एक भएर जानुपर्छ र त्यस षड्यन्त्रणलाई चिर्न सकिन्छ भन्ने आत्मविश्वासमा छ । यसैकारण वडा र पालिका तहका अधिवेशनदेखि महाधिवेशन प्रतिनिधि चयनसम्म देखिएको सहमतिको मनोविज्ञानको प्रभाव महाधिवेशनमा स्वत:स्फूर्त रूपमा पर्नु अन्यथा होइन ।

यति साधारण कुरा पनि नबुझेर वा बुझ पचाएर महाधिवेशनबाट ओलीको अहंकार अनुमोदन भएको वा एमालेको साख गिरेको जस्ता प्रचार नियोजित हुन् । एमाले एकताबद्ध भयो भने आफ्नो भविष्य सुरक्षित छैन भन्ठानेर एमालेलाई विभाजन गर्न तम्सिएका पार्टीका नेता र कार्यकर्ताबाट एमालेको आन्तरिक लोकतन्त्रबारे भएको चिन्ता अरूका लागि होइन, आफ्ना लागि हो भन्ने छर्लंग छ ।

महाधिवेशन तयारीदेखि नै यसमा संलग्न भएका कारण ढुक्कसाथ भन्न सकिन्छ- दसौं महाधिवेशन सहमतिका साथ गरौं भन्ने सदाशयताबाहेक अध्यक्ष केपी ओलीको अरू कुनै जबर्जस्ती थिएन । बरु उहाँले सहमतिका लागि नामावली तयार गर्न रुचि देखाउनुभएको थिएन । मंसिर १० गते उद्घाटन समारोहपछि राति ११ बजे बसेको नवौं केन्द्रीय कमिटीको १५ औं तथा अन्तिम बैठकमा विधान संशोधन भएर केन्द्रीय कमिटीको आकार ३ सय १ पुर्याइएपछि केन्द्रीय सदस्यहरूले अब सहमतिका साथ जाऔं, उसको जिम्मा तपाईं लिनूस् भन्दा अध्यक्ष ओलीले पहल सबैले गर्ने हो, एउटा व्यक्तिले मात्र गरेर हुन्न भनेर त्यसलाई अस्वीकार गर्नुभएको थियो । दुईपटकसम्म त्यही विषय उठ्दा पनि उहाँले केन्द्रीय कमिटीको निर्णयका रूपमा त्यसलाई सुनाउनुभएन र निर्वाचन प्रक्रियाबाटै नेतृत्व चयन गर्ने कुरालाई अघि बढाउनुभएको थियो । ५६ लाख भाडा तिरेर इलेक्ट्रोनिक भोटिङ मेसिन पहिल्यै जडान भइसकेकै थियो । तर महाधिवेशनको हलमा देखापरेको एकताबद्ध मनोविज्ञानका कारण सहमतिका लागि प्रयत्न भएको यथार्थ हामी सबै प्रतिनिधिसामु छर्लंग छ । माओवादीमा निर्वाचन बर्जित छ, कांग्रेसका क्षेत्रीय र जिल्ला अधिवेशनहरूमा गोली चल्नु सामान्य भएको छ । यस्तो बेला एमालेमा आन्तरिक सहमति र प्रतिस्पर्धाका दुवै विकल्प खुला छाडेर पार्टी अगाडि बढाउन खोज्दा अरूको टाउको नदुख्नुपर्ने हो ।

सकिँदा सर्वसम्मति कायम गर्ने र सहमति कायम गर्न नसक्दा निर्वाचनबाट टुंगो लगाउने अत्यन्त लोकतान्त्रिक विधि एमालेले अवलम्बन गरेको छ । जुन जुन पदमा सहमति कायम भयो, त्यस त्यसमा निर्वाचन भएन भने अध्यक्ष, उपाध्यक्ष, सचिव र केन्द्रीय सदस्यहरूमा सहमति कायम हुन नसक्दा निर्वाचनका माध्यमबाट टुंगो लागेको छ । यति धेरै लोकतान्त्रिक अभ्यास हुँदा पनि एमालेभित्र अधिनायकवाद, अहंकार, साख गिरेको, लोकतन्त्र कमजोर भएको जस्ता हुँदै नभएका विषय देख्नेहरूको उपचार हामीले त के, डा. सन्दुक रुइतले पनि गर्न सक्दैनन् ।

आफ्नो पार्टीमा संकट आएका बेला मिलेर सामना गर्ने मनोविज्ञान हरेक पार्टीका नेता/कार्यकर्तामा हुन्छ । शेरबहादुर देउवाले कांग्रेस विभाजन गरेर शाही कांग्रेसका रूपमा चिनिने कांग्रेस बनाएका बेला मूल पार्टीमा जो जति थिए, तिनले कांग्रेस बचाए । अनि माओवादी पटकपटक विभाजन हुँदा जो जति बच्छन्, तिनले अझ दह्रोगरी आफ्नो पार्टीको प्रतिरक्षा गरिरहेका हुन्छन् । एमालेमा पनि अहिले त्यही भइरहेको छ । पार्टीमा हरेक विषयमा भागबन्डा खोज्ने र नवौं महाधिवेशनको परिणामलाई सहज रूपमा स्वीकार गर्न नसकिरहेको समूह बाहिरिएको छ ।

अर्थात् केपी शर्मा ओलीलाई स्वीकार गर्नै नसक्ने र उहाँको नेतृत्वमा बस्नै नसक्नेहरूले एमाले छाडिसकेका छन् र अहिले जो एमाले छन्, तिनीहरू जसरी ओलीको नेतृत्वमा एमाले इतिहासमा सबभन्दा धेरै मतसहितको ठूलो पार्टी भयो, फेरि पनि त्यसलाई निरन्तरता दिन्छ भन्नेमा विश्वास गर्छन् । तिनीहरूले ओलीको नेतृत्वप्रति दृढ समर्थन गर्नु र महाधिवेशनमा त्यो कुरा प्रकट हुनुमा के नै आश्चर्य छ र ? नेपालमा आन्तरिक लोकतन्त्रलाई बलियो बनाउने र लोकतान्त्रिक अभ्यास गर्ने पहिलो पार्टी नै नेकपा (एमाले) हो । ०६५ मा सम्पन्न आठौं महाधिवेशनबाट मूल नेतृत्व नै महाधिवेशन प्रतिनिधिले सीधै छान्न पाउने अभ्यासअघि पनि एमालेमा सबै केन्द्रीय सदस्य निर्वाचित भएर आउने र उनीहरूले महासचिव छान्ने प्रक्रिया लोकतान्त्रिक थिएन भन्ने होइन । तर प्रत्यक्ष रूपमा निर्वाचित नेतृत्वको उत्तरदायित्व र आत्मविश्वास अझ बढी हुन्छ र नेतृत्व निर्माणमा बढीभन्दा बढी कार्यकर्ताको हिस्सेदारी हुनुपर्छ भनेर आवाज उठाउने नेता नै ओली हुनुहुन्छ । पार्टी जीवनको लोकतान्त्रीकरणका नाममा उहाँले अघि सारेको अवधारणाअनुसार बहुपदीय प्रणाली र प्रत्यक्ष निर्वाचनमा जाँदा एमालेमा नेताहरूको पंक्ति नै तयार भएको छ । ओली स्वयम् पनि निर्वाचनका माध्यमबाटै एमालेको नेतृत्वमा आउनुभएको थियो । ०७० सालमा पहिलोपटक संसदीय दलमा निर्वाचन भएर दलको नेता र ०७१ सालमा नवौं महाधिवेशनमा निर्वाचन भएको पार्टीको अध्यक्ष बनिसकेको नेतालाई अहिले निर्वाचनसँग डर लागेर सहमतिमा जोड दिएको भन्नु अन्याय हुन्छ ।

अहिलेको अवस्थामा सहमतिका साथ जान सक्दा आधारभूत तहका कार्यकर्तासम्म एउटै सन्देश जान्छ र सिर्जित चुनौतीहरूको अझ बढी आत्मविश्वासका साथ सामना गर्न सकिन्छ भनेर मात्रै सहमतिमा जोड दिइएको कुरालाई आन्तरिक लोकतन्त्रको चीरहरणका रूपमा व्याख्या गरिनु एमाले र ओलीप्रतिको पूर्वाग्रहबाहेक केही हुन्न । नेकपा (एमाले) को दसौं राष्टिय महाधिवेशनको मूल विशेषता भनेको नेतृत्व चयन होइन । किनभने एमालेमा कस्तो नेतृत्व बन्छ भन्नेबारे कार्यकर्तादेखि राजनीतिप्रति चासो राख्नेहरूसम्मका लागि अनुमानको विषय नै थियो ।

त्यसैले मूल विशेषता भनेको उद्घाटन समारोहमा भएको जनसहभागिता थियो । पार्टी विभाजन भएको र त्यसले कार्यकर्ता र जनतामा विभाजित मनोविज्ञान निर्माण गर्ने खतरा रहेको बेलामा जुन उत्साहका साथ जनताको उपस्थिति रह्यो, नेकपा (एमाले) एक नम्बर पार्टीका रुपमा कायम रहने र आगामी चुनावबाट तमाम चुनौतीहरूलाई चिरेर बहुमत प्राप्त गर्ने आधार नै त्यही हो । प्रमुख प्रतिस्पर्धी दलका नेताहरूलाई मञ्चमा साक्षी राखेर एमालेले आफ्नो शक्ति देखाएको छ । महाधिवेशन नेपाली कांग्रेसको पनि हुँदै छ, राष्टिय सम्मेलन माओवादी केन्द्रको पनि हुँदै छ । उनीहरूलाई जनपरिचालन गरेर आफूलाई माथ गर्ने चुनौती एमालेले खडा गरिदिएको छ । - नेपालखबर

# मौसमको सूचना किसानसम्म नपुग्दा ...

नीरा अधिकारी

वर्षाभरि मेहनत गरेर लगाइएको धानबाली भित्र्याउनै लाग्दा बाढीले बगाएर लगेपछि बर्दिया, भदालीटोलका गर्वु चौधरी निकै चिन्तित हुनुहुन्छ । यस वर्ष समयमै मनसुन भएकाले रोपाइँ गर्न पाएको र पटकपटक पानी परिरहेकाले उत्पादन पनि राम्रो देख्दा हर्षित उहाँ गत असोज ३१ देखि कात्तिक २ गतेसम्म परेको मुसलधारे वर्षासँगै कर्णाली नदीमा आएको बाढीले काटेर राखेको धानबाली बगाएपछि अब वर्षभरि के खुवाएर परिवार पाल्ने भन्ने चिन्ता उहाँमा छ । उहाँ मात्रै होइन बाढीले राजापुर नगरपालिका र छिमेकी गेरुवा गाउँपालिकाका अधिकांश किसानले काटेको धानबाली बाढीले बगायो भने बाँकी रहेको पनि खेतमै उम्रिएको छ ।

बेमौसमी वर्षा र त्यससँगै कर्णालीमा आएको बाढीले मुलुककै राम्रो धानबाली हुने क्षेत्र मानिने राजापुरका मौलतपुर, चनौरा, नैगापुर, चख्यापुर, तिघ्रालगायत बस्तीमा पसेर नोक्सानी गरेको छ । राजापुरको एक हजार ५०० हेक्टर तथा गेरुवाको एक हजार २०० हेक्टरमा काटिएको धानबाली कर्णालीको बाढीले बगाएको एकीकृत कृषि तथा पशुपक्षी कार्यालय बर्दियाले जनाएको छ । वर्षाले खेतमा काटेर राखिएको आधाभन्दा बढी धान बगाएर लग्यो, बग्नबाट बचेको धान पनि उम्रियो । बाढीबाट राजापुरको वडा नं १ मा ७४८, वडा नं ३ मा १२० र वडा नं ७ मा १५९ गरी एक हजार २०७ घरपरिवार प्रभावित छन् ।

असी वर्षीय चौधरीले यस वर्षायाममा बाढी आउने गरे पनि मनसुन सकिसकेपछि यसरी बाढी पसेर सम्पूर्ण धानबाली नोक्सान गरेको घटना भने बिरलै भएको सम्झनुहुन्छ । 'असार, साउनमा त बाढी आउने गर्छ तर कात्तिकका बेला भने यसरी बाढी आउला भन्ने सोचेको पनि थिइन', उहाँले भन्नुभयो, 'वर्षभरि खाने अन्नबाली यसरी नष्ट भएपछि अब हामी गरिबले कसरी पेट पाल्ने रु हुने-खानेले त किनेर पनि खालान् तर हामी नहुने गरिबका लागि प्रकृति पनि निष्ठुरी बन्ने भयो ।' वर्षाले धान नोक्सानी गरे पनि पराल त जोगिएला नि भन्ने आशा पनि कर्णालीको उर्लंदो भेल खेतमा पसेपछि किसान पूर्णरूपमा निराशा भए । धान र पराल बगाएको त्यो दृश्य सम्झँदा अहिले पनि उहाँ भावुक देखिनुहुन्छ ।

स्थानीयवासी पुनमकुमारी चौधरीलाई पनि खेतमा धानका बाला लहलह झुलेको देख्दा यस वर्ष किन्नु नपर्ने भयो भन्ने लागेको थियो तर बाली भियाउने बेलामा परेको पानीले उहाँको त्यो सबै सपना बनायो । बाढीका समयमा स्थानीय गैरसरकारी संस्था र नगरपालिकाले सुरक्षित स्थानमा बस्न र खानको प्रबन्ध गरे पनि अहिले कसैले ध्यान नदिएको स्थानीयवासी सरस्वती थारू बताउनुहुन्छ । वर्षाका कारण धानबालीमा नोक्सानी बेहोरेका किसानलाई सरकारले क्षतिपूर्ति दिने भने पनि अहिलेसम्म किसानले पाएका छैनन् । उहाँले भन्नुभयो, 'सरकारले दिने भनेको राहत अहिलेसम्म हामीले पाएका छैनौं । राहत पनि टाठाबाठाकै लागि आउने रहेछ । हाम्रो मेहनत, मल, बीउ, सिँचाइ गर्दाको खर्च सबै खेर गयो । परिवार पाल्नकै लागि मजदूरीमा जानुपर्ने भयो ।' सरकारले घटनालगत्तै बाढीपहिराबाट कृषि बालीलगायत क्षतिका सन्दर्भमा आवश्यक अध्ययन गरेर त्यसका आधारमा क्षतिपूर्ति दिने निर्णय गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाका अध्यक्षतामा बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकले पनि अविरल वर्षाका कारण मुलुकका विभिन्न भागमा गएको बाढीपहिरो र डुबानबाट पीडितलाई उद्धार, राहत र क्षतिपूर्ति दिने निर्णय गरेको थियो ।

सरकारले बढीमा १० कठ्ठासम्म क्षति पुगेका साना किसानलाई क्षतिको अधिकतम ६५, मध्यम अर्थात् तीन बिघासम्म क्षति पुगेकालाई २० र तीन बिघाभन्दा माथि क्षति भएकालाई २० प्रतिशत क्षतिपूर्ति दिने निर्णय गरेको छ । प्रधानमन्त्री देउवा विपत्तिमा परेका यस क्षेत्रका नागरिकका घरदैलो पुगी जनताको पीरमर्का बुझ्नुभएको थियो । बाढीले अन्नबाली नोक्सान गर्नाका साथै फुसको छानो भएका कच्ची घर पनि भत्काउने गर्छ । हरेक वर्षजसो वर्षायाम सकिएपछि घर बनाउनुपर्ने यहाँका बासिन्दाको गुनासो छ । दशैंअघि नयाँ घर बनाएर परिवारमा खुशीयाली साट्न नपाउँदै आएको बेमौसमी बाढीले उनीहरू थप समस्याम छन् ।

बाढीसँगै आउने विषालु सर्पले पनि उनीहरुलाई असुरक्षित पार्ने गर्छ । 'बाढीको सूचना आएपछि सुरक्षित स्थानमा भाग्नुपर्ने हुन्छ, घरभित्रका सबै सामान लैजान नसकिने हुँदा चोरीको भय हुने हुन्छ', स्थानीयवासी गीता चौधरी बताउनुहुन्छ । पहिले जस्तो कतिबेला बाढी आउने हो र भएभरको सम्पत्ति नोक्सान गर्ने हो भन्ने अनिश्चय भने केही वर्षयतादेखि हटेको स्थानीयवासी बताउँछन् । बाढीको पूर्वसूचना दिनका लागि ठाउँठाउँमा साइरन जडान गरिएको तथा पीडितका लागि राख्न सुरक्षित सेल्टर निर्माण गरिएको छ । यस क्षेत्रमा बाढीले अन्नबालीमा यति ठूलो क्षति पुर्‍याए पनि मानवीय क्षति भने हुन पाएन । यसो हुनाको मुख्य कारण विपद् पूर्वतयारी, राहत उद्धार तथा प्रतिकार्यमा यहाँका सरकारी निकाय, गैरसरकारी सैसंस्था र निजी क्षेत्रको समन्वयकारी भूमिका नै थियो । विपद्को पूर्वसूचना आउनेबित्तिकै जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी सेना, सशस्त्र र नेपाल प्रहरीको परिचालन, आवश्यक राहत उद्धार सामग्रीको व्यवस्थापन र स्थानीय बासिन्दालाई सम्भावित विपद्बारे जानकारी गराइएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत नारायणप्रसाद ढकालले जानकारी दिनुभयो । बाढीपछि प्रभावित जनतालाई सुरक्षित स्थानमा राख्नेदेखि एकद्वार प्रणालीबाट आवश्यक त्रिपाल, खाद्यान्न र पानीको प्रबन्ध गर्नाका साथै पटकपटक सूचना दिने काम भएको थियो ।

राजापुर नगरपालिकाका प्रमुख शिवप्रसाद चौधरी घटनालगत्तै पीडितको लगत संकलन गरी तिनलाई राहत उद्धार, पुन:स्थापनामा कुनै समस्या नभएको जिकिर गर्नुहुन्छ । यस क्षेत्रमा पटकपटक यस्ता बाढी आउने गरेकाले दिगो समाधानका लागि कर्णालीमा पक्की तटबन्ध लगाउनु आवश्यक भएकाले यसका लागि प्रदेश र सैंघ सरकारसँग अनुरोध गरिएको उहाँको भनाइ छ । बाढीलगायत प्राकृतिक विपद्मा सरकारी, गैरसरकारी र निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने भएकाले यसपटक पनि तीनै निकायबीच समन्वय र सहकार्य हुन सकेको बर्दिया निर्माण व्यवसायी संघका अध्यक्ष भेषराज पौडेल बताउनुहुन्छ । निजी क्षेत्र नाफामुखी मात्र नभएर सेवामुखी पनि हुन सक्छ भन्ने उदाहरण यस्ता विपद्का घटनामा गरिएको सहयोग र सक्रियताबाट पुष्टि भएको बताउँदै सरकारी निकायले पनि निजी क्षेत्रलाई सहयोगीका रुपमा स्वीकार गर्नुपर्ने उहाँको तर्क छ ।

नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि राजापुरले पानीले भिजेको धान खरिद गर्न नमानेपछि यहाँका किसान थप समस्यामा परेका छन् । बाढी र वर्षाले भिजेको धान गुणस्तरीय नभएकाले खरिद गर्न नमिल्ने बताएपछि किसान निजी व्यवसायीलाई सस्तोमै बिक्री गर्न बाध्य छन् । भिजेको धान कमसल हुने र उपयुक्त मात्रामा चामल नपर्ने जनाउँदै व्यवसायीले किन्न आनाकानी गरेपछि प्रतिक्विन्टल रु एक हजारमै बिक्री गरेको किसान बताउँछन् । 'के गर्ने, घरखर्च टार्न बाध्य भएर सस्तैमा धान बिक्री गर्नुपर्‍यो । पहिले व्यापारी खोज्दै आउँथे, अहिले किनिदेऊन भनेर जानुपरेको छ', राजापुर-५ का किसान दिलबहादुर थारूले भन्नुभयो । उहाँले भिजेको मोटो धान प्रतिक्विन्टल एक हजार १०० मा स्थानीय व्यापारीलाई बेचेको सुनाउनुभयो । *- रासस*

# जाडोमा स्वस्थ रहने ११ तरिका

**शरीरलाई क्रियाशील राख्ने**

जाडो मौसममा बाहिर हिँडडुल गर्न अल्छी गर्ने, फुर्सद पाउनसाथ सिरक ओढेर सुत्ने बानी धेरैको हुने गर्छ । यस्तो बानी सुधार्नुपर्छ । बिहान सामान्य व्यायाम गर्ने, हिँडडुल गर्ने, फुर्सदको समयमा करेसाबारीमा आफूलाई व्यस्त राख्ने आदि काम गरेमा शरीरलाई आवश्यक ताप र ऊर्जा प्राप्त हुन्छ । जसले गर्दा रुघाखोकी जस्ता रोग लाग्ने जोखिम घट्छ ।

**खानपानमा ध्यान दिने :** जाडो मौसममा सुप, तरकारी, फलफूल जस्ता खानालाई सकेसम्म नियमित गर्नुपर्छ । सखरखण्ड, हरियो सागसब्जी, चुकन्दर, अदुवा, लसुन, केराजस्ता तरकारी र फलफूल खाने गर्नाले शरीरलाई ऊर्जा मिल्नुका साथै शरीरको रोगप्रतिरोधी क्षमता पनि बढ्छ । तरकारी र गेडागुडीको झोल जाडो मौसममा बढी खाने गर्नुपर्छ ।

**वजन बढ्न नदिने**

जाडो मौसममा शारीरिक श्रम र व्यायाम कम हुने गर्छ। मसलादार र चिल्लो खाना खाने रुचि जाडोमा बढी हुन्छ । त्यसैले जाडोमा मानिस मोटाउने गर्छन् । त्यसैले मोटाएर खास गरी पेटतिरको भागमा बोसो जम्मा हुन नपाओस् भन्नेमा सचेत हुनुपर्छ । किनकि, जाडोमा लागेको पेट र बोसोले दीर्घकालीन रोग लाग्ने सम्भावना बढाइदिन्छ ।

**पर्याप्त सुत्ने :** वयस्कहरूका लागि प्रतिदिन सातदेखि आठ घण्टासम्मको निद्रा उपयुक्त हुन्छ । पर्याप्त निदाइएन भने शरीर कमजोर हुने र रोग लाग्ने जोखिम बढ्ने भएकाले सुत्न कञ्जुस्याइँ गर्नु हुँदैन । राम्रोसँग निदाउनका लागि नियमित व्यायाम गर्ने, योग गर्ने, मदिरा र चुरोट कम गर्ने, क्याफिनजन्य पदार्थको मात्रा घटाउने गर्नुपर्छ ।

**छाला स्वस्थ राख्ने**

जाडो मौसममा छाला फुट्ने र फुस्रो हुने, ओठमा घाउ हुनेजस्ता समस्या देखापर्ने गर्छन् । जाडोमा कम नुहाइने भएकाले लुतोलगायत एलर्जी छालामा लाग्ने जोखिम जाडोमा बढी हुन्छ । यसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ । छाला फुस्रो नहोस् र नफुटोस् भन्नका लागि नियमित छाला म्वइस्चराइज गर्नुपर्छ ।

**पानी पर्याप्त पिउने**

जाडोमा पानी पिउने रुचि कम हुन्छ । त्यही भएर पानीको मात्रा बढाउन तरकारी र दालको झोल बढी पिउने गर्नुपर्छ । साथै, दिउँसोतिर बेलाबेलामा ठूलो ग्लासमा ग्रिन टी, हर्बल टी आदि पिउने गर्नाले पानीको मात्रा बढ्छ । जसले शरीर र छालामा पानीको कमीका कारण देखापर्ने समस्या रोक्छ।

**तनावरहित हुने :** तनावका कारण मानसिकसँगै शारीरिक रोग लाग्ने जोखिम बढ्ने भएकाले तनाव कम गर्न योग गर्ने, मनमा नराम्रो कुरा नखेलाउने, आफ्नो र सबैको भलो सोच्ने आदि गर्नुपर्छ ।

- स्वास्थ्य खबर

# सात वर्षदेखि जोरपाटी-साँखु सडक अलपत्र



काठमाडौँ (रासस)/ सडकको उपलब्ध चौडाइमा कालोपत्र गर्नु भनी सरकारले निर्णय गरेको तीन वर्ष बित्न लाग्दासमेत जोरपाटी-साँखु सडक कालोपत्र भइसकेको छैन ।

काठमाडौँ उपत्यका सडक बिस्तार आयोजनाले चाबहिल-जोरपाटी-साँखु सडकमा केन्द्रबिन्दुबाट ११/११ मिटर बढाएर कालोपत्र गर्ने गरी विसं २०७२ ठेक्का सम्झौता गरेको थियो । सम्झौता गरेर काम सुरु गरेको सात वर्षसम्म पनि सडक अलपत्र छ । यसबीचमा सडक किनार दायाँबायाँका जनताले सर्वोच्चमा मुद्दा हाले ।

कति मुद्दाको अझै फैसला नभएकाले पनि काममा ढिलाइ भएको सडक विभागले जनाएको छ । सर्वोच्च अदालतले घर जग्गाकै मुआब्जा दिएर मात्र सडक बिस्तार गर्नु भनी सरकारलाई विसं २०७४ असोजमा आदेश दियो । सरकारले पुनरावलोकनको माग गरेकामा मुआब्जा नै दिनु भन्ने आदेश भएको थियो ।

यसपछि सरकारले चाबहिल-जोरपाटी-साँखु र त्रिपुरेश्वर-कलंकी-नागढुंगा सडकमा उपलब्ध चौडाइमै कालोपत्र गर्ने निर्णय गरेको पनि तीन वर्ष बितिसकेको छ । सडक कालोपत्र नहुँदा दायाँबायाँका स्थानीयवासी एवं सडक प्रयोगकर्ताले सास्ती भोगिरहेका छन् । स्थानीयवासी जनार्दन पुडासैनी हिउँदमा धुलो र वर्षामा हिलोका कारण सडकमा निस्कनै नसक्ने अवस्था रहेको बताउँछन् ।

सडक बिस्तारका लागि 'राइट अप क्लियर' नगरी ठेक्का गर्दा समस्या आएको हो । एउटा समूह सडक छिटो बनाऊ भन्ने र अर्को समूह सर्वोच्चको आदेश कार्यान्वयन गर भन्ने गर्दा सवारी एवं यात्रु भने असहजरुपमा यात्रा गर्न बाध्य छन् । सर्वोच्च अदालतको फैसलापछि सडक दायाँबायाँका स्थानीयवासीले घरघरमा कालो ब्यानरमा मुआब्जा दिएरमात्र सडक बिस्तार गर भन्दै विरोध जनाउँदै आएका छन् । दक्षिणढोकामा पुलको चौडाइ सानो हुँदा गोकर्ण जंगलतिरबाट आउने खोलाको बाढीले वर्षाद्मा यहाँको बस्ती डुब्ने गरेको गोकर्णेश्वर नगरपालिका-७ का अध्यक्ष केशव गुरुङको गुनासो छ । दक्षिणढोका पुल क्षेत्रमा सडक बिस्तार भए पनि पुलको चौडाइ बिस्तार भएको छैन । पुल नबढ्दा यहाँ घण्टौँसम्म पनि सडक जाम हुने गरेको छ । यो सडकमा अन्य स्थानका साना खहरेका पुल बिस्तार हुन सकेको छैन ।

तिवारीटोल, थली एवं डाँछी बजारका स्थानीयवासीले घरजग्गाको मुआब्जा माग गर्दै सडक बिस्तार गर्न मानेका छैनन् । स्थानीयवासीको मागकै कारण यी क्षेत्रका सडक बिस्तार नहुँदा जीर्ण बनेका छन् । थली क्षेत्रमा पछिल्लो समय घर भत्काउन पैसा बुझेका केही भने भत्केका छन् । शंखरापुर नगरपालिकाको सलम्बुटार क्षेत्रमा वनका रुख कटानको आदेश लिन नै तीन वर्ष लागेको थियो । त्यसका कारण यस क्षेत्रमा सार्वजनिक जग्गा भए पनि काममा भने ढिलाइ भयो । करिब १२ किमीको यो सडकको पाँच खण्डमा काम भइरहेको छ । अधिकांश स्थानमा कालोपत्र भए पनि बीचबीचमा धुलाम्य सडकले सवारी सञ्चालनमा समस्या आउने गरेको छ । सडक कालोपत्र नभएका स्थानमा वर्षाद्मा दुर्घटनासमेत बढ्ने गरेको छ । चाबहिलबाट वाग्मती पुलसम्मको ३.६ किमी खण्डमा युनाइटेड बिल्डर्स एण्ड इन्जिनीयर्स प्रीलले काम गरेकामा यो काम सकिएजस्तो देखिन्छ ।

यो खण्डमा कालोपत्र भएको एक वर्ष पनि नपुग्दै खाल्डाखुल्डी बनेका छन् । दक्षिणढोकाबाट थली उकालोसम्म २.४ किमी दूरीमा बज्रगुरु/च्याङमिला/खानी जेभीको ठेक्का छ । यो ठेक्काको तिवारीटोल क्षेत्रमा अझै कालोपत्र नहुँदा सवारी दुर्घटनामा पर्ने गरेका छन् । स्थानीयवासी राजेन्द्र सापकोटा हिउँदमा समेत पानी जम्ने यो स्थानमा उपलब्ध सडकमै पानी अन्यत्र कटाएर कालोपत्र हुन नसकेको बताउँछन् । थलीबाट डाँछी तीन किमी दूरीमा बज्रगुरु/बिरुवा/खानी जेभी, डाँछीबाट सलम्बुटार वनको बीच सडकसम्म बिटी/सुनकोशी/वल्डवाइड जेभी र त्यहाँबाट साँखुसम्मको एक किमी सडकमा लामा/समानान्तर जेभीले ठेक्का पाएका छन् । कूल १२.५ किमीको यो सडक ठेक्का भएको छ वर्ष पूरा हुँदा काम नसकी अलपत्र बनेको छ । सडक विभागका प्रवक्ता शिवप्रसाद नेपाल उपलब्ध सडकमै कालोपत्र गर्नु भनी सरकारले निर्णय गरिसकेका अवस्थामा पानीको निकास, ह्युमपाइप राख्न नदिनेलगायत समस्याका कारण ढिला भएको स्वीकार्नुहुन्छ ।

जोरपाटी-साँखु सडकमा अरु मुद्दा पनि फैसला नभइसकेकाले काममा ढिलाइ भएको उनले जानकारी गराए । दुई वर्षअघिदेखि भने कोरोना भाइरसका कारण पनि सडक आयोजनाका काममा ढिलाइ भएको विभागले जनाएको छ ।

# अझै सुरु हुन सकेन भरतपुरमा अटोल्याण्ड निर्माण

भरतपुर (रासस)/ भरतपुरमा अटोल्याण्ड (अटोभिलेज) बनाउने चर्चा चलेको बर्षौं भए पनि काम भने सुरुआत हुनसकेको छैन । पछिल्लो समय अटोल्याण्ड नहुँदा नारायणगढ बजार अव्यवस्थित बनेको छ । बजारको सौन्दर्यमा ह्रास आउनुका साथै कुरुप बनेको छ । नारायणगढका व्यवसायीहरूले अटोल्याण्ड बनाउन भरतपुर महानगरसँग पटक-पटक माग पनि गर्दै आइरहेका छन् ।

अटोल्याण्ड निर्माण भए बजारमा अव्यवस्थितरूपमा छरिएर रहेका वर्कशप र ग्यारेज एकत्रित हुनुका साथै बजारको सौन्दर्यकरण पनि बढ्ने व्यवसायीको भनाइ छ । भरतपुर महानगरले वडा नं ३ को नारायणी नदी किनार (नगरवन क्षेत्र)मा अटोल्याण्ड बनाउने योजना अघि सारेको छ । महानगरपालिकाका प्रवक्ता एवं अटोल्याण्ड व्यवस्थापन समितिका सदस्य अरुणपीडित भण्डारीले नदी किनार क्षेत्रमा ३५ बिघा जग्गामा अटोल्याण्ड बनाउने गरी विस्तृत प्राविधिक प्रतिवेदन (डिपिआर) तयार भइसकेको जानकारी दिए । आठ महिनाअघि डिपिआर बनेको बताउँदै प्रवक्ता भण्डारीले अब छिट्टै काम सुरु गरिने जानकारी दिए ।




अटोल्याण्ड व्यवस्थापन समितिमा अटोमेकानिक व्यवसायी संघ चितवन र चितवन अटो मोबाइल्सल एशोसिएशनका तर्फबाट प्रतिनिधित्व गर्दै संयोजन गरिरहेका बलराम भण्डारीले अटोल्याण्ड बनाउन इआइएको प्रक्रिया अगाडि बढेको जानकारी दिए । उनले करिब दुई अर्ब ८० करोडको लागत अनुमान गरिएको र यसभित्र नारायणी तटबन्धनसमेत रहेको बताए । "अटोल्याण्ड बनेपछि अटोमोबाइल सम्बन्धी सम्पूर्ण सेवा एकै ठाउँबाट उपलब्ध हुने छ । यातायातका सम्पूर्ण सवारीसाधन मर्मत गर्ने वर्कशप एकै ठाउँमा रहेर सेवा प्रदान गर्नेछ", उनले भने ।

सहरको वातावरण सफा राख्न र जथाभावी खुलेका वर्कशप तथा ग्यारेजलाई एकत्रित गर्न अटोल्याण्डले सहज हुने उनले बताए ।

नेपाल अटो मेकानिकल्स व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष गोपाल भट्टराईले भरतपुरमा अटोल्याण्डको आवश्यकता महसुस गरेर आफूहरूले विसं २०६४ देखि नै यसको माग गर्दै आएको जानकारी दिए । उनले भरतपुर महानगर बनेपछि बल्ल यसको आवश्यकता महसुस गरेको भए पनि काम अघि बढ्न नसकेको बताए । बुटवल, दाङको तुलसीपुर र घोराहीमा अटोभिलेज बनिसकेको उनले जानकारी दिए । अटोभिलेज भएपछि त्यहाँका व्यवसायी र ग्राहकले सुविधा पाएका छन् । "अटोल्याण्ड बनेपछि यातायात व्यावसायीलाई हुने फाइदामा सर्वप्रथम व्यावसायीको स्थायित्व हो । व्यवसाय कहिले कता ? कहिले कता सार्न परेन", उनले भने ।

अव्यवस्थितरूपमा बजारको बीचमा रहेका वर्कशपबाट उत्पादन हुने फोहर र ध्वनि प्रदूषणले बजारलाई कुरुप बनाइरहेकाले त्यो एकै ठाउँमा व्यवस्थित भएपछि यो समस्या हट्ने छ । यदि कसैले आफ्नो जग्गामा व्यवस्थित तवरले वर्कशप चलाउँछ भने उसले जहाँ पनि वर्कशप सञ्चालन गर्न पाउने भट्टराईको भनाइ छ । अरुलाई अप्ठ्यारो हुने गरी सञ्चालनमा रहेका वर्कशपलाई मात्र अटोल्याण्डमा ल्याइने भएकाले सबै नगरवासी र व्यवसायीलाई यस कार्यमा सहयोग गर्न उनले आग्रह गरे । "नारायणीमा ठूलो तटबन्धन नभई काम छैन । अहिले जहाँ जग्गा दिने भनेको छ । त्यहाँ यस वर्ष बाढी पसेको थियो", उनले भने, "तटबन्धनसहित बाटोघाटो र पानी पु¥याएर महानगरले जग्गा हस्तान्तरण गर्नुपर्छ । त्यसपछि व्यवसायी आफैँले भवन बनाउँछन् ।" अटोल्याण्ड बनेपछि महानगरलाई पनि फाइदैफाइदा हुने उनको भनाइ छ ।

"हामीले जग्गाको भाडा महानगरलाई तिर्छौं । महानगरलाई फाइदैफाइदा छ । सहर पनि सुन्दर हुन्छ", उनले भने । एशोसिएशनका पूर्वअध्यक्ष शिवराज गिरीले भरतपुरमा अटोल्याण्डका आवश्यकता रहेको बताए । उनले बजार पृथकीकरण सिद्धान्तअनुसार अटोल्याण्डको अवधारणा ल्याइएको बताए ।

उनले मर्मत गर्न लामो समय लाग्ने सवारी तथा वर्कशपलाई ल्याण्डमा ल्याउन आवश्यक रहेको बताए । सामान्य मर्मत तथा एकै दिनमा सम्पन्न हुने काम भने ठाउँठाउँमा राख्न सकिने उनको भनाइ छ । "दुई प्रांग्रेबाहेकका सवारी जसको मर्मत गर्न समय पनि लाग्छ र स्थान पनि धेरै चाहिन्छ । उनीहरू ल्याण्डमा आउन आवश्यक छ । यस्तै पेन्टिङका काम गर्ने सवारी पनि ल्याण्डमा आउँछन्", उनले भने, "तत्काल सामान्य मर्मत गर्ने वर्कशप व्यवस्थित तवरले जहाँ पनि हुन्छन् । किनकि उपभोक्ताको दृष्टिकोणबाट पनि ठाउँठाउँमा वर्कशप हुनु राम्रो हो ।" अटोल्याण्डमा स्वस्थ प्रतिस्पर्धा हुने हुँदा उपभोक्ता ठगिनबाट पनि बच्ने उनको भनाइ छ ।

# भूकम्पपछि अलपत्र, गुम्बाको सामान नयाँ समितिले बुझ्यो

सिन्धुपाल्चोक (रासस)/ पाँचपोखरी थाङ्पाल गाउँपालिका-२ बरुवाको गोरखनाथ लकाङ घ्याङ् (गुम्बा)का सामान अदालतको आदेशपछि स्थानीय सरकारको रोहवरमा नयाँ समितिलाई हस्तान्तरण गरिएको छ ।

गोरखनाथ लकाङ घ्याङ संरक्षण कोष तथा विकास, व्यवस्थापन समितिका पूर्वअध्यक्ष नुर्पु शेर्पाले नयाँ समितिलाई लामो समयसम्म गुम्बाको सामान बुझबुझारथ नगरेपछि जिल्ला अदालतका कर्मचारी तथा स्थानीय उपभोक्ताको उपस्थितिमा वडाध्यक्ष पासाङ लामामार्फत नयाँ समितिलाई शुक्रबार जिम्मा लगाइएको हो ।

पूर्वप्रधानपञ्चसमेत रहनु भएका शेर्पाले पुरानो गुम्बा मनोमानी ढङ्गले भत्काएको नयाँ कार्यसमितिका अध्यक्ष टासी शेर्पाको भनाइ छ । उनी भन्छन्, "शेर्पाले भत्काउन नपर्ने गुम्बा भत्काए, यस विषयमा कोही कसैसँग सल्लाह गरेनन् । नयाँ गुम्बा बनाउन पनि कहाँबाट कति रकम आयो, कति खर्च भयो, हिसाब किताब देखाइएन ।" विसं २०७०मा निर्माण गरिएको गुम्बा २०७२ को महाँ भूकम्पले भत्काएपछि अलपत्र अवस्थामा पुगेको थियो ।

नयाँ समितिले सामान बुझबुझारथ गर्न पटक-पटक ताकेता गर्दा पनि सामान नबुझाएपछि मुद्दा दर्ता गर्नुपरेको समितिका उपाध्यक्ष दावा शेर्पा बताउँछन् । उनी भन्छन्, "गुम्बाका महत्वपूर्ण सामानहरु फेला परेका छैनन् । विसं १८२३ देखिको गुम्बाका ताम्रपत्र, सनकपत्र, सुनको दियोलगायत सामान भेटिएको छैन ।

"पूर्व अध्यक्ष शेर्पा भने सामान बुझ्ने, गुम्बा जिम्मा लिने हैसियतका कोही नभएकाले जिम्मा लाउन नसकेको बताउँछन् । उनी भन्छन्, "अहिलेको समितिको गुम्बामा कसैको केही पनि योगदान छैन । तीन करोडको लागतमा मैले बनाएको हुँ । ताम्रपत्र र सनकपत्र मैसँग छ ।" गुम्बा भत्किएको लामो समयसम्म पनि अलपत्र परेकाले धेरैको आस्थाको केन्द्रको रुपमा रहेको यसलाई सञ्चालन गर्न पनि हस्तक्षेप गर्नुपर्ने अवस्था आएको वडाध्यक्ष पासाङ लामाको भनाइ छ । उनी भन्छन्, "अढाई सय वर्षअघि स्थापना भएको गुम्बा अलपत्र हुँदा भक्तजन चिन्तित छन् । पुरातात्विक महत्वका सामान पनि कहाँ छ भन्ने थाहा नहुँदा अन्योल भएको छ ।

अबका दिनमा नयाँ समितिले जिम्मेवारी वहन गरी नयाँ गुम्बा निर्माणमा लाग्ने विश्वास लिएको छु ।" यो तपोभूमि स्थल भएको समितिका उपाध्यक्ष दावा शेर्पा बताउँछन् । सिक्किम, दार्जिलिङलगायत ठाउँबाट तीन वर्ष, तीन महिना, तीन दिन ध्यान गर्ने गरी यस क्षेत्रमा ध्यान गर्न लामाहरू आउने गरेको पनि उनी उल्लेख गर्छन् । अब नयाँ समितिले सहयोग संकलन गरी नयाँ गुम्बा निर्माणमा लाग्ने पनि उनको भनाइ छ । यस गुम्बाप्रति आस्थावान् स्थानीयवासी गुम्बाको भग्नावशेष मात्र हेरिरहनु पर्दा पीडा हुने बताउछन् ।

स्थानीयवासी कामी शेर्पा यस गुम्बाको सम्पत्तिको रुपमा रहेका महत्वपूर्ण लिखत, पुरानो मूर्ति, ढाल, दरबार, लामाको मुकुटलगायत सामान अहिले नरहेको बताउँछन् । अब स्थानीयवासी नै अग्रसर भएर गुम्बा निर्माण गरी यस स्थानको प्रतिष्ठा कायम राख्नेमा उनीहरुले प्रतिबद्धता व्यक्त गरेका छन् ।


# कांग्रेस गण्डकी प्रदेश सभापतिमा शर्मा

गण्डकी (रासस)/ नेपाली कांग्रेसको प्रथम गण्डकी प्रदेश अधिवेशनबाट सभापति पदमा शुक्रराज शर्मा निर्वाचित भएका छन् । शनिबार भएको निर्वाचनमा उनी ६१२ मत ल्याई प्रदेशको पहिलो सभापति बन्न सफल भएको हो । उनका प्रत्यासी अर्जुनप्रसाद जोशीले ५२८ मत प्राप्त गर्नुभएको निर्वाचन समितिका सदस्य विष्णुकुशल भुजेलले जानकारी दिए ।

निर्वाचनमा उपसभापति द्वयमा कल्पना तिवारी र मेखलाल श्रेष्ठ तथा महामन्त्री द्वयमा किरणबाबु श्रेष्ठ र विष्णुप्रसाद लामिछाने निर्वाचित भएका छन् । यसैगरी सहमहामन्त्रीमा कोपिला रानाभाट, सहमहामन्त्री खुलामा रमेशकुमार पाण्डे र रामचन्द्र जोशी विजयी बनेको निर्वाचन समितिले जनाएको छ ।

# पूर्ण लम्सालको "चोखो माया" बजारमा

काठमाडौँ (रासस)/ मोडल एवं व्यवसायी पूर्ण लम्सालले श्रव्यदृश्यसहितको नयाँ गीति एल्बम 'चोखो माया' बजारमा ल्याएका छन् ।



अमेरिका बसेर कलाकारितामा सक्रिय लम्सालले अभिनय गरेको यो पाँचौं 'म्युजिक भिडियो' हो । मनोरञ्जनात्मक यस गीतमा गायिका रचना रिमाल र गायक रञ्जन राईको सुमधुर स्वर सुन्न सकिन्छ ।

रवि मल्लको शब्द रहेको यस गीतलाई नवीन कार्कीले सङ्गीत दिएको हो । गीतमा विशाल निरौलाले सङ्गीत संयोजन गरेका छन् । अमेरिकामा छायांकन गरिएको गीतमा अन्तर्राष्ट्रिय व्यवसायमा स्नातकोत्तर गरिरहेकी विष्णु मिश्र र मोडल लम्सालबीचको 'अन्स्क्रिन रोमान्स' प्रस्तुत गरिएको छ । शैलेश घलेले छायांकन गरेको दृश्यलाई विष्णु खड्काले सम्पादन गरेको हो । विक्की पुलामीको निर्देशनमा दृश्य सामग्री तयार पारिएको हो । पी एण्ड एच प्रोडक्शनको आधिकारिक च्यानलमार्फत भिडियो सार्वजनिक गरिएको जनाइएको छ ।

# नेपाली वस्तुको निर्यात दुई गुणाले वृद्धि

पर्सा (रासस)/देशकै प्रमुख व्यापारिक नाका वीरगन्ज भन्सार प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उलेख्य वृद्धि भएको छ । गत आर्थिक वर्षको पहिलो चौमासिको तुलनामा चालु आवको सोही अवधिमा उक्त नाका प्रयोग गरी हुने नेपाली वस्तुको निर्यातमा दुई गुणाभन्दा बढी वृद्धि भएको हो ।



आर्थिक वर्ष २०७७/०७८ को साउनदेखी कात्तिकसम्मको चार महिनामा वीरगन्ज नाका प्रयोग गरी १२ अर्ब ४४ करोड मूल्य बराबरका विभिन्न वस्तु निवासी भएकामा चालु आवको साउनदेखि कात्तिकसम्म ३९ अर्ब ५६ करोड ३९ लाख बराबरको विभिन्न वस्तु निकासी भएको छ ।

विश्वस्तरमै कोरोनाको संक्रमण घट्दै गएपछि उद्योग व्यापारमा पनि सहजता भएकाले भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यामा वृद्धि देखिएको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए । उनले नेपालबाट भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा सबैभन्दा बढी भटमासको प्रशोधित तेल, प्रशोधित पाम आयल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, भटमासको पिना, जडिबुटीलगायत वस्तु रहेको बताए ।

नेपाली वस्तुको निर्यात वृद्धिसँगै यसको प्रभाव राजश्व संकलनमा समेत देखिएको छ । गत आर्थिक वर्षको पहिलो चौमासिको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयले २६ अर्बभन्दा बढी राजश्व संकलन गर्न सफल भएको हो । गत आर्थिक वर्षको पहिलो चार महिनामा उक्त कार्यालयले ४३ अर्ब ६७ करोड २६ लाख राजश्व संकलन गरेकामा चालु आवमा २६ अर्ब ४४करोड ८८ लाख बढी अर्थात ७० अर्ब १२ करोड १४ लाख राजश्व संकलन गर्न सफल भएको छ ।

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७८ साल मंसिर १६ गते हेटौंडा-२ विजयमार्गस्थित पार्किङ्ग गरिरहेको अवस्थाबाट साँझ ९:०० बजेदेखि ९:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** प्रदेश३ ०३ ००१ प ९७५१
**मोटरसाइकल धनीको नाम:** हुलास इन्भेष्टमेन्ट प्रा.लि (रामबालक दास बानिया)
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०१९
**चेचिस नम्बर:** MD2A13EY8KCF91081
**इन्जिन नम्बर:** DKYCKF89193
**सम्पर्क फोन नम्बर:** ९८१५२५१६०५, ९८४५४०२१३५

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मकवानपुर जिल्लामा पहिलो पटक
अन्तरपालिका पुरुष फुटबल
२०७८ मंसिर १८ गतेदेखि २५ गतेसम्म दिनको २ बजे हुप्र खेल मैदान जाऔं
खेलको मज्जा लिऔं, खेल प्रतिभालाई हौसला दिऔं

खेल तालिका

राक्सिराङ गाउँपालिका — १९ गते २:०० बजे — भिमफेदी गाउँपालिका
थाहा नगरपालिका — २० गते २:०० बजे — मकवानपुरगढी गाउँपालिका
सेमिफाइनल २२ गते २:०० बजे
कैलाश गाउँपालिका — १९ गते १२:०० बजे — बकैया गाउँपालिका
हेटौंडा उपमहानगरपालिका — १८ गते २:०० बजे — मनहरी गाउँपालिका
२१ गते २:०० बजे
इन्द्रसरोबर गाउँपालिका — २० गते १२:०० बजे — बागमती गाउँपालिका
सेमिफाइनल २३ गते २:०० बजे
फाइनल खेल २५ गते १:०० बजे

व्यवस्थापक: मकवानपुर जिल्ला खेलकुद विकास समिति
आयोजक: जिल्ला समन्वय समिति मकवानपुर

# नारायणी सहकारीको कार्यसमितिले पायो पूर्णता



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-९, स्थित नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौंडाको नयाँ कार्यसमितिले पूर्णता पाएको छ ।

कात्तिक २७ गते भएको २५ औं साधारणसभाबाट अध्यक्ष-सहित ३ पदमा सर्वसहमत भएपनि बाँकी १० पदमा निर्वाचन भएको हो । १३ सदस्यीय कार्यसमितिको अध्यक्षमा जंगबहादुर गरुङ, सचिवमा नारायण प्रसाद खतिवडा, सहसचिवमा ज्ञानेन्द्र अधिकारी सर्वसहमत चयन भएका थिए ।

शनिबार भएको निर्वाचन मार्फत् उपाध्यक्षमा रामचन्द्र दाहाल तथा सदस्यहरुमा गोमादेवी पौडेल, ईन्दिराकुमारी काफ्ले, बिमल घिमिरे, नरेन्द्र भण्डारी, टिकाप्रसाद भट्टराई, रामचन्द्र अर्याल, नकुलप्रसाद अधिकारी, दिपक खड्का र सुन्दर न्यौपाने चयन भएका छन् ।

त्यस्तै, लेखा समितिको संयोजकमा धर्मराज मिश्र तथा सदस्यहरु कृष्णप्रसाद ढकाल र प्रेमप्रसाद बोलखे सर्वसहमत चयन भएका थिए । २०५३ मा स्थापित सहकारीमा गत आवसम्म ९ सय ४८ महिलासहित १ हजार ८ सय ३३ जना शेयर सदस्य रहेका छन् । कुल बचत २४ करोड ८ लाख ११ हजार, कूल लगानी २० करोड ३६ लाख २६ हजार रहेको सहकारीमा शेयर पुँजी ५ करोड ९ लाख ७४ हजार रुपैयाँ रहेको छ ।

हेटौंडा ९, पशुपतिनगरमा मुख्य कार्यालय रहेको सहकारीले पशुपतिनगरसँगै कमाने र पारिजात पथमा रहेको सेवा केन्द्र मार्फत् सिमेन्ट, रड, ढलान केमिकल लगायत निर्माण सामग्री र ग्याँस बिक्री गर्दै आएको छ । सहकारीको कार्यक्षेत्र हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिका रहेको छ ।

# विकासमा लाग्न मन्त्री लामाको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले बागमती प्रदेशका स्वास्थ्य संस्थाबाट दिइने सेवाको स्तरीयतामा कमी हुन नदिन र विकासमा लागि पर्न निर्देशन दिएका छन् ।

मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाको आयोजनामा भएको 'आवश्यक नि:शुल्क औषधी र स्वास्थ्य सामग्रीको परिमाण' सम्बन्धी ३ दिने गोष्ठी समापन कार्यक्रममा बोल्दै मन्त्री लामाले नागरिकको स्वास्थ्य सधैं गुणस्तरीय र सर्वसुलभ हुनुपर्ने भन्दै यसतर्फ विशेष ध्यान दिन स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिएका हुन् ।

उनले स्वास्थ्य संस्थाहरुले गुणस्तरीय सेवाका लागि आवश्यक औषधी र सामग्रीका लागि मन्त्रालयसंग माग गर्न भन्दै यसको व्यवस्था मन्त्रालयले गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले आफुले बागमती प्रदेशका सबै जिल्लाका स्वास्थ्य संस्थाको निरीक्षण गर्नै र समस्याको समाधानको कामलाई दृढ भई समाधान गर्नै बताए ।

उनले यसअघिका कोरोना संक्रमणको जोखिम न्यूनिकरणका लागि स्वास्थ्यकर्मीहरुले खेलेको भूमिकाको प्रशंसा गर्दै मन्त्री लामाले स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सुरक्षाको जिम्मेवारी सरकारले लिने बताए । उनले कोरोनाको नयाँ भेरियन्टको जोखिमबारे पूर्वानुमान गर्दै 'अर्लट' अवस्थामा रहन समेत सबै जिल्लाका स्वास्थ्य संस्थालाई निर्देशन दिए ।

कार्यक्रममा मन्त्रालयका सचिव बद्रीबहादुर खड्का, मन्त्रालयका प्रवक्ता बरिष्ठ जनस्वास्थ्य प्रशासक बसन्त अधिकारी, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख डा. अर्जुन सापकोटा, स्वास्थ्य निर्देशनालयका प्रमुख महेश्वरमान श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । तीन दिने गोष्ठीमा विभिन्न जिल्लाका अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट, स्टोर किपर र फार्मसिष्टहरुको सहभागिता रहेको थियो ।

# थप ७ जनामा कोरोना संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा थप सात जनामा कोरोना संक्रमण पुष्टि भएको छ । आइतबार २७ जनाको पीसीआर विधिबाट परीक्षण गर्दा ७ जनामा संक्रमण पुष्टि भएको हो ।

९ जनामा एन्टिजेन विधिबाट परीक्षण गर्दा कोहिमा पनि संक्रमण नभएको तर, पिसिआर बिधिबाट गरिएको परीक्षण ७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकावानपुरले जनाएको छ । संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ५ जना छन् ।

मनहरी र भीमफेदी गाउँपालिकाका १/१ जनामा संक्रमण पुष्टि भएको छ । योसँगै जिल्लामा हालसम्म कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ४ सय ९७ जना पुगेको छ । जिल्लामा अहिले ५० जना कोरोना भाइरस संक्रमणका सक्रिय संक्रमित छन् । जसमध्ये ४७ जना होम आइसोलेसनमा र ३ जना संस्थागत आइसोलेसनमा उपचाररत् छन् ।

मकवानपुरमा हालसम्म कोरोना भाइरस विरुद्धको पहिलो मात्राको खोप १ लाख ८१ हजार ५ सय ३५ जनाले लगाइसकेका छन् । पूर्ण मात्राको खोप १ लाख ५७ हजार ९० जनाले लगाएको तथ्यांकमा उल्लेख छ । जिल्लामा यसै अवधिमा ४ जनाले कोरोनालाई जितेका छन् ।

होम आइसोलेसन बस्ने १ जना र संस्थागत आइसोलेसनमा उपचाररत् ३ जनाले कोरोनालाई जितेका हुन् । योसँगै जिल्लामा हालसम्म कोरोना जित्नेको कुल संख्या १५ हजार २ सय १९ जना पुगेका छन् ।

# माओवादी केन्द्र भीमफेदीमा स्याङ्तानको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा/नेकपा माओवादी केन्दले जिल्ला अधिवेशन तयारी गरिरहेको छ । अधिवेशन अन्तर्गत भीमफेदी गाउँपालिका कमिटीमा नयाँ नेतृत्व चयन गरिएको छ ।

कमिटीको अध्यक्षमा बद्री स्याङ्तान सर्वसम्मत चयन भएका छन् । शनिबार भएको गाउँ कमिटीको दोस्रो अधिवेशनबाट स्याङ्तानको नेतृत्वमा ४९ सदस्यीय गाउँपालिका कमिटी सर्वसम्मत चयन गरिएको हो ।

कमिटीको उपाध्यक्षमा अप्सरा लामा र प्रीतिलाल लामा, सचिवमा मदन बर्तौला, सहसचिवमा रञ्जित राना र दीपक गोले, कोषाध्यक्षमा अमृत बल सर्वसम्मत चयन भएका छन् । पालिकाको दोस्रो अधिवेशनको उद्घाटन कार्यक्रम दीपक गोलेको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्यमा भएको हो ।

गाउँपालिका अधिवेशनमा माओवादी केन्द्र मकवानपुरका संयोजक सांसद प्रेमबहादुर पुलामी, ओमबहादुर ग्लान, बागमती गाउँ-पालिकाका अध्यक्ष सर्केस घलान लगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडामा काँग्रेस केन्द्रीय नेताहरुको दौडधुप

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली काँग्रेस बागमती प्रदेश अधिवेशनबाट अझै नेतृत्वको टुंगो लाग्ने नतिजा अझै आइसकेको छैन ।

१६ मंसिरदेखि जारी बागमती अधिवेशनलाई काँग्रेसको केन्द्रीय नेतृत्वले समेत गम्भीरताका साथ लिएका छन् ।

काठमाडौं उपत्यका समेटिएको बागमतीमा आफ्नो पक्षलाई जिताउन संस्थापन र संस्थापन इत्तर पक्षका नेताहरुको दौडधुप थियो । केन्द्रीय नेताहरु प्रकाशमान सिंह, अर्जुन नरसिंह केसी, डा.रामशरण महत, प्रकाशशरण महत, गगन थापा, महालक्ष्मी डिना उपाध्याय, उमेश श्रेष्ठ, राजन केसी, १६ मंसिरदेखि हेटौंडामै छन् । संस्थापन पक्षका नेताहरु प्रकाशशरण, डिना र श्रेष्ठ एकजुट भएर सभापतिमा इन्द्रबहादुर बानियाँलाई जिताउन गोप्य रणनीतिमा जुटेका थिए ।

प्रकाशमान, अर्जन नरसिंह, रामशरण, गगन संस्थापन इत्तरका जगदीश्वर नरसिंह केसीलाई जिताउने सक्दो प्रयासमा लागेका थिए । बागमतीमा आफ्नो पक्षको सभापति निर्वाचित हुँदा केन्द्रीय महाधिवेशनमा समेत हाबी हुन सक्ने आँकलनका साथ देशभरमै सबैभन्दा बढी महाधिवेशन प्रतिनिधि समेत चुनिएको बागमतीमा केन्द्रीय नेताको चासो बढेको हो । बागमती- बाट ८ सय ७६ जना महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

१६ मंसिरमा हेटौंडा-१० स्थित वन विज्ञान अध्ययन संस्थानको मैदानमा अधिवेशनको उद्घाटन समारोहमा काँग्रेस सहमहामन्त्री प्रकाशशरणले भाषणमै बानियाँलाई जिताउने अपिलको संज्ञासहित मत मागेका थिए । सोहि कार्यक्रममा प्रकाशमानले सवल नेतृत्व चयनका लागि राजनीतिमा लामो त्याग र पार्टीप्रति पुऱ्याएको योगदानलाई मध्यनजर गरेर नेतृत्व चयन गर्दा ध्यान पुऱ्याउन प्रतिनिधिलाई आग्रह गरेका थिए । कार्यक्रममा प्रकाशमान र प्रकाशशरणले गरेको भाषणमा आफ्नो पक्षका सभापतिलाई मतदान गर्न प्रतिनिधिसँग मत मागेको प्रष्ट झल्किएको थियो ।

गगनले आफु महामन्त्रीको दाबेदार भएका कारण बागमतीमा संस्थापन इत्तरको सभापति जिताउन सके काठमाडौंसँगै चितवन, नुवाकोट, धादिङ, सिन्धुली, दोलखा, रामेछाप, काभ्रे, रसुवा, सिन्धुपाल्चोकबाट साचेभन्दा बढी मत ल्याउन सकिने र जितका लागि मत बढाउन सकिने आँकलन गर्दै केसीलाई सभापति जिताउन कम्मर कसेर लागि परेका छन् ।

# आश्रमलाई ९ सय किलो चामल सहयोग



हेटौंडा/बेसहाराको सहारा भन्दै देशभर परिचय बनाएको मानव सेवा आश्रलाई ९ सय किलो चामल सहयोग गरिएको छ ।

हेटौंडा-९, लामसुरेधापस्थित आश्रमलाई १५ दिनका लागि ९ सय किलो चामल सहयोग गरिएको हो । करिब ४० हजार रुपैयाँ खर्चिएर चामल प्राप्त भएको आश्रम मकवानपुरका अभियन्ता होमनाथ पौडेलले जानकारी दिए । कृष्ण प्रणामी मन्दिरले हाम्रो चाहना सबैका लागि खाना, नाना र छाना, हाम्रो प्रतिबद्धता सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन) सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण एवम् घोषणा र हाम्रो सपना मानवीयताको राष्ट्र नेपालमा सहयोग पुग्ने उद्देश्यले चामल सहयोग गरेको हो ।

**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर, ०५७-५२६४५३, ५२६३७०

**साधारणसभा सम्बन्धि सूचना**

यस संस्थाको मिति २०७८ कात्तिक १२ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको आ.व. २०७७/७८ को पाँचौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको गरिमामय उपस्थितिको लागि अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०७८ मसिर २५ शनिबार
समय : बिहान ११:०० बजे
स्थान : संगम रेष्टुरेन्ट एण्ड बार, हेटौंडा-२, प्रभाकरपथ, मकवानपुर

**छलफलका विषायहरु**
१. संस्थाको बार्षिक प्रतिवेदन तथा आगामी बर्षको कार्यक्रम सम्बन्धमा
२. आर्थिक प्रतिवेदन तथा आगामी बर्षको प्रस्तावित बजेट सम्बन्धमा
३. लेखा समिति प्रतिवेदन
४.बिनियम संशोधन सम्बन्धमा
५. लेखापरीक्षको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा
६. सहकारी एकीकरण सम्बन्धमा
७. सहकारीको स्वामित्वमा रहेको भवन सम्बन्धमा
८. माइन्युट प्रमाणित गर्ने सम्बन्धमा
९. विविध

नोटः शेयर सदस्यको छोराछोरीले २०७७ को SEE परीक्षाको उत्कृष्ट नतिजा ल्याई उत्तीर्ण भएको भए मार्कसिट तथा प्रमाणपत्र मसिर २१ गतेभित्रमा यस संस्थामा पेश गर्नुहुन साथै कुनै प्रस्तावहरु भए मसिर २१ गतेभित्र लिखित रुपमा संस्थाको कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

साथै साधारणसभामा स्वयम उपस्थित हुने सदस्यहरुलाई मात्र यातायात खर्च प्रदान गरिनेछ ।
प्रद्युम्न उपाध्याय (सचिव)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.


| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**
**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।



**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुरगढी

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**
*"तपाई, हामी सबैको कुरा"*
साझाकुरा
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल